आज मिति २०७६ साल श्रावण ७ गते मंगलवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |

कार्यकारीणी सदस्यहरु

| | | |
|---|---|---|
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री सुनसरी गुरुङ | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| नि. सचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | उपस्थित |
| का.वा. वडा अध्यक्ष ४ | श्री वसुन्धरा घर्ती | उपस्थित |

**प्रस्तावहरुः**

प्रस्ताव नं.१: शिक्षा नियमावली, २०७६ सम्बन्धमा ।
प्रस्ताव नं.२: लेखा समिति गठन एवं सञ्चालन कार्यविधि, २०७६ सम्बन्धमा ।
प्रस्ताव नं.३: कर्मचारी करारमा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ सम्बन्धमा ।
प्रस्ताव नं.४: स्वास्थ्य समिति गठन तथा व्यवस्थापन कार्यविधि, २०७६ सम्बन्धमा ।
प्रस्ताव नं.५: विषयगत समिति गठन तथा अन्य समिति सञ्चालन कार्यविधि, २०७६ सम्बन्धमा ।
प्रस्ताव नं.६: संस्था दर्ता तथा नविकरण कार्यविधि, २०७६ सम्बन्धमा ।
प्रस्ताव नं.७: नगर दररेट स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८: आ.व. २०७५/०७६ को आन्तरिक आयको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं. ९: आ.व. २०७५/०७६ का योजना तथा कार्यक्रमहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं. १०: छात्रवृत्ति व्यवस्थापन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.११: विभिन्न योजना तथा कार्यक्रमहरुमा रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: व्यास १०, बैरेनी क्षेत्रमा एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: तिम्ल्याहा बालिकाहरुको पोषणको लागि सहायता प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४: तिम्ल्याहा बालकहरुको पठन-पाठनको लागि सहायता प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१५: काठे पोल प्रतिस्थापनको लागि लागत सहभागिता व्यहोर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१६: नारेश्वर तालको लागि आवश्यक जग्गा उपलब्ध गराई दिन माग गरी पठाउने सम्बन्धमा ।
प्रस्ताव नं.१७: २५ औं विश्व आदिवासी दिवस कार्यक्रमलाई सहयोग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१८: नाच प्रतियोगिता सञ्चालनका लागि सहयोग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१९: वैदिक पुरोहित समाजको कर्मकाण्ड प्रशिक्षण कार्यक्रमका लागि सहयोग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२०: जिल्ला दुग्ध सहकारी संघको फर्निचर खरिद सम्बन्धमा ।
प्रस्ताव नं.२१: टोल संस्थाहरुको कार्य समिति पुनर्गठन सम्बन्धमा ।
प्रस्ताव नं.२२: मगर विद्यार्थी संघको कार्यक्रमलाई सहयोग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२३: नेवारी कर्मकाण्ड संचालनलाई सहयोग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२४: विषयगत समितिहरुबाट वार्षिक कार्य योजना पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२५: मुद्दाको प्रतिउत्तर लगाउने कर्मचारी तोक्ने सम्बन्धमा ।
प्रस्ताव नं.२६: नगरपालिकाको संगठन तथा व्यवस्थापन (O & M) गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२७: विशेषज्ञ डाक्टरहरुको सहयोगमा स्वास्थ्य शिविर सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.२८: पूर्ण खोप नगरपालिका घोषणा सम्बन्धमा ।
प्रस्ताव नं.२९: शिक्षक सरुवा सम्बन्धमा ।
प्रस्ताव नं.३०: ट्रान्सफरमर जडानको लागि आवश्यक पावर केवल तथा अन्य फिटिङस् खरिद सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको शिक्षा नियमावली, २०७६ को प्रस्ताव उपर दफावार छलफल गरी संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको लेखा समिति गठन, सञ्चालन र कार्यविधि, २०७६ को प्रस्ताव उपर दफावार छलफल गरी संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको कर्मचारी करारमा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ को प्रस्ताव उपर दफावार छलफल गरी संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको स्वास्थ्य समिति गठन तथा व्यवस्थापन कार्यविधि, २०७६ को प्रस्ताव उपर दफावार छलफल गरी संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा विषयगत समिति गठन तथा अन्य समिति सञ्चालन कार्यविधि, २०७६ उपर दफावार छलफल गरी संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका संस्था दर्ता तथा नवीकरण कार्यविधि, २०७६ को प्रस्ताव उपर दफावार छलफल गरी संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका कार्यालयद्वारा जिल्ला दररेटलाई आधारमानी तयार गरी पेश हुन आएको नगर दररेटको प्रस्ताव उपर बृहत रुपमा छलफल गरियो । सो सम्बन्धमा यस नगरपालिकाको भूगोल तथा योजना कार्यान्वयनको वस्तुगत अवस्थाको आधारमा नगर पूर्वाधार विकास समितिसँग समन्वय गरी निर्माण सामाग्रीहरु ढुवानी कार्यमा लागत दर तयार गरी आ.व.२०७६।०७७ का लागि पारित जिल्ला दररेटको अभिन्न अङ्गमा समावेश गर्ने गरी नगर दररेट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को आन्तरिक आय तर्फको लक्ष्य रु.१४,७२,८८,०००। र प्रगति रु.१४,०६,६१,५०९।१९ का सम्बन्धमा छलफल गरियो । आन्तरिक श्रोततर्फ लक्ष्यको करिव ९५.५०% प्रगती हासिल गर्न सफल भएको छ भने अघिल्लो बर्षको यथार्थ आन्तरिक आय रु.१०२४९९७९५।४९ को तुलनामा करिव ३७% आय बृद्धि हुन आएकोले आयबृद्धि गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण करदाताहरु, जनप्रतिनिधिज्यूहरु, नगरबासी एवं कर्मचारी वर्गलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाद्वारा आ.व.२०७५/०७६ मा सञ्चालन गरिएका योजना तथा कार्यक्रम सम्बन्धमा छलफल भयो । कुल १२२४ योजनाहरु मध्ये १०९५ योजना सम्पन्न भएको र १२९ योजना क्रमागतरुप रहेको हुँदा क्रमागत योजनाहरुलाई यस आर्थिक वर्षको पहिलो चौमासिक भित्र नै सम्पन्न गर्ने गरी योजना कार्यान्वयन कार्यतालिका तय गर्न कार्यालय तथा वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै योजना कार्यान्वयनमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण उपभोक्ता समिति, जनप्रतिनिधि एवं सम्वद्ध कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा हाल एस.ई.ई. परीक्षा उत्तिर्ण गरी सामुदायिक तथा नीजि विद्यालय तथा क्याम्पसहरुमा कक्षा ११ मा अध्ययनका लागि भर्ना हुने विद्यार्थीहरुलाई प्रदान गरिने छात्रवृत्तिको व्यवस्थापनको लागि वडा अध्यक्ष श्री सतिशचन्द्र न्यौपानेको संयोजकत्वमा देहाय बमोजिमको छात्रवृत्ति व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

१. श्री सतिशचन्द्र न्यौपाने – संयोजक
२. श्री काजीमान श्रेष्ठ – सदस्य
३. श्री चन्द्रमाया परियार – सदस्य
४. श्री इन्द्रप्रसाद पौडेल (प्र.अ., सत्यवती मा.वि.) – सदस्य
५. श्री लक्ष्मण ताम्राकार (प्रिन्सिपल, वाराही आवासीय मा.वि.)– सदस्य
६. श्री सुरेन्द्र पन्थ (प्रिन्सिपल, दमौली आवासीय मा.वि.) – सदस्य
७. श्री नगेन्द्रप्रसाद रेग्मी – सदस्य-सचिव

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा बर्षायामका कारण भल, बाढी तथा पहिरोका कारण यस नगरपालिकाका विभिन्न स्थानहरु प्रभावित भई कतिपय सडकहरु, खानेपानीका योजनाहरु अवरुद्ध हुन गएको साथै कतिपय स्थानहरुमा आकस्मिक रुपमा अत्यावश्यक प्रकृतीका साना-तिना आयोजनाहरु सञ्चालन गरी जन-जिवनलाई सहज बनाउन पर्ने अवस्था सृजना भएको हुँदा देहाय बमोजिमका आयोजनाहरुमा निम्नानुसार रकम मर्मत सम्भार कोषबाट खर्च गर्ने गरी अविलम्ब योजनाहरु सञ्चालन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | मादिवेसीदेखि श्याम्घा हटिया सडक खण्ड सुधार कार्यक्रम | ६ | ११५,०००। | |
| २. | चारकुने सामुदायिक स्वास्थ्य भवन मर्मत सम्भार तथा पूर्वाधार व्यवस्थापन | १ | १५०,०००। | |
| ३. | भोटेखोल्सी कल्भर्टमा फिलिङ्ग तथा पानी तर्काउने कार्य | १० | २००,०००। | दुम्सीचौर मार्गको लागि यस बर्षको बजेटमा विनियोजन भएको रकमबाट कट्टा हुने गरी |
| ४. | कन्टार (पहिरो रोकथाम) रिटेनिङ्ग वाल निर्माण | ५ | ८९,०००। | |
| ५. | खहरे पशुपालन फर्म पाइप खरिद | १० | २०,०००। | |
| ६. | नयाँवस्ती आरन निर्माण कार्यक्रम | १० | १०,०००। | |
| ७. | नारायणचौर पुरानोगाउँ खानेपानी व्यवस्थापन | ९ | २००,०००। | |
| ८. | माझफाँट खानेपानी योजना थप | ९ | ३००,०००। | |
| ९. | गोल्ला हुलाके कृषि पहुँच मार्ग स्तरोन्नति | १२ | २५०,०००। | |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.१० अन्तर्गत बैरेनी क्षेत्रमा एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालनको लागि स्थानीयस्तरको भेलाबाट गठित जग्गा एकीकरण आयोजनाको निर्णय अनुसार सम्बन्धित वडाबाट आयोजना सञ्चालनको लागि सिफारिस भई आएकोमा हाल प्रथम चरणमा सो क्षेत्र मध्येबाट व्यास मार्गको पश्चिम तर्फ र व्यास मार्गदेखि बैरेनी बोटेगाउँ जाने पक्की सडकको उत्तर तर्फको पूर्व व्यास मार्ग, पश्चिम मादी नदीको ढिक, उत्तर बोटेनी खोल्सी र दक्षिण बैरेनी बोटेगाउँ जाने बाटो यती चार किल्ला भित्रको जग्गा मध्ये व्यास मार्ग र बोटेगाउँ जाने बाटोको मोहोडामा रहेको आवास क्षेत्रको करिव १०० फिट जग्गा बाहेकको जग्गामा एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । साथै अन्य वडाहरुबाट स्थानीय जग्गाधनीको मञ्जुरी भइआएमा समेत अध्ययन प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१२ बस्ने पदमा क्षेत्री रिमाल र सुरेश रिमालले जन्माएका तिम्ल्याहा बालिकाहरुको पोषणको लागि आवश्यक पर्ने दुधको सहज उपलब्धताको लागि भैंसी खरिद गर्न सहायताका लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भइआए अनुसार तिम्ल्याहा बालिकाहरुको लागि तिनीहरुका बावु सुरेश रिमाललाई एकमुष्ट रू.६०,०००। (अक्षेरुपी साठी हजार मात्र) अनुदान सहायता प्रदान गर्ने निर्णय गरियो । उक्त रकम भैंसी खरिद भएको वडाबाट अनुगमन प्रतिवेदन प्राप्त भएपछि हस्तान्तरण गरिने छ ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास ११ निवासी गोमा अधिकारी तथा पदमबहादुर अधिकारीले जन्माएका तिम्ल्याहा बालकहरुको पठन-पाठनको लागि सहायता उपलब्ध गराई दिनु भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएअनुसार तिम्ल्याहा बालकहरुको पठन-पाठनमा

सहयोग पुऱ्याउने गरी प्रति बालक रु.१०,०००। का दरले सम्बन्धित शीर्षकबाट बाबु पदमबहादुर अधिकारीलाई एकमुष्ठ रू.३०,०००। (अक्षेरुपी तीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय, पोखराको प.सं. २०७६/०७७ च.नं. २५ मिति २०७६/०४/०६ को पत्रका सम्बन्धमा छलफल गरियो । सो सम्बन्धमा मन्त्रालयको योजना कार्यान्वयन नीति बमोजिम स्थानीय तहले व्यहोर्नुपर्ने लागत सहभागिता वापतको रकम यस नगरपालिकाले व्यहोर्ने गरी विभिन्न वडाहरुका लागि २९२५ थान काठेपोल प्रतिस्थापनको लागि गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय, पोखरामा माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.१० अन्तर्गत दुम्सीचौरमा निर्माण प्रस्ताव गरिएको नारेश्वर खोला बहुउद्देश्यीय कृतिम तालको लागि आवश्यक रहेको थप जग्गा, जग्गा प्राप्ति ऐन, २०३४ मा मिति २०७५/११/१९ मा भएको संशोधनले गरेको व्यवस्था बमोजिम मुआब्जा र अन्य सम्पूर्ण खर्च यस नगरपालिकाले व्यहोर्ने गरी उक्त आयोजनालाई जग्गा उपलब्ध गराई नगरपालिकाका नाउँमा जग्गा प्राप्त गर्न आवश्यक प्रक्रिया अगाडि बढाई दिन सम्बन्धित मन्त्रालयमा माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा २५ औं विश्व आदिवासी दिवस (अगस्त, ९) मनाउन नेपाल आदिवासी जनजाती महासंघ व्यास नगर समन्वय परिष्द्, तनहुँद्वारा रकम माग भई आए अनुसार उक्त कार्यक्रम सम्पन्न गर्न रू.१,००,०००। (अक्षेरुपी एक लाख मात्र) सहायता प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा भिक्टोरिया डान्स एण्ड एक्टिङ्ग स्कूल, दमौली तनहुँद्वारा आयोजना भइरहेको भिक्टोरिया एकल नाच प्रतियोगिता (सिजन-३) सञ्चालनको लागि रू.३०,०००। (अक्षेरुपी तीस हजार मात्र) सहयोग प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा वैदिक पुरोहित समाज तनहुँले मिति २०७६।४।९ देखि २०७६।४।१६ सम्म सञ्चालन गर्ने बृहद कर्मकाण्ड प्रशिक्षण कार्यक्रमलाई रु.३०,०००। (तीस हजार) सहयोग प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा जिल्ला दुग्ध सहकारी संघको फर्निचर खरिदका लागि सम्बन्धित शीर्षक रु.२,००,०००। (दुई लाख) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा वडा कार्यालय पुरा भएका टोल संस्थाहरुको कार्य समिति पुनर्गठन गर्न वडा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा मगर विद्यार्थी संघको कार्यक्रमका लागि रु.२५,०००। (पच्चीस हजार) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा गुठी समन्वय समितबाट सञ्चालन गरिने नेवारी कर्मकाण्डका लागि रु.२५,०००।(पच्चीस हजार) सम्बन्धित शीर्षकबाट सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा सबै विषयगत समितिहरुको जानकारी दिने र आगामी बैठकहरु पूर्व विषयगत समितिको बैठक बसी नगर सभाबाट आ.व.२०७६।०७७ का लागि पारित सम्बन्धित विषयगत नीति, कार्यक्रम र बजेट कार्यक्रमका आधारमा वार्षिक कार्य योजना पेश गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा वादी हिराबहादुर अधिकारीले प्र.अ. नियुक्ति सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा यस नगरपालिकाको नाउँमा दिएको मुद्दाको लिखित जवाफ लगायत अन्य मुद्दा सम्बन्धी सम्पूर्ण कार्य गर्नका लागि यस नगरपालिकाका कम्प्युटर अधिकृत गोकर्णराज वाग्लेलाई प्रतिनिधिको रुपमा तोक्ने निर्णय गरियो ।

**निर्णय नं.२६**: प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको व्यवस्था वमोजिम यस नगरपालिकाको हालको कार्यगत सांगठनिक स्वरुप र जनशक्ति व्यवस्थापनको अवस्थालाई मध्यनजर गर्दै सो सम्बन्धमा बृहद् रुपमा अध्ययन गरी २०७६ आश्विन मसान्तसम्ममा संगठन तथा व्यवस्थापन (O & M) प्रतिवेदन तयार गरी नगरपालिकामा पेश गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो । साथै सो समितिलाई आवश्यकता अनुसार सम्बन्धित विषयका विशेषज्ञलाई समेत काममा लगाउने गरी जिम्मेवारी दिने समेत निर्णय गरियो ।

१. प्रमुख प्रशासकीय अधिकृत श्री दिनेश राज पन्त संयोजक
२. वरिष्ठ आलेप अधिकृत श्री कुमार कंचन जि.सी. सदस्य
३. वरिष्ठ इन्जिनियर श्री राजु पौडेल ,,
४. कम्प्युटर अधिकृत श्री गोकर्णराज वाग्ले ,,
५. शाखा अधिकृत श्री मेघनाथ आचार्य सदस्य सचिव

**निर्णय नं.२७**: प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा यस व्यास नगरपालिका वडा नं.१० दुम्सी स्थित दुम्सी आधारभूत स्वास्थ्य केन्द्रद्वारा यही २०७६ भाद्र १५ गते भित्र भारतको नयाँ दिल्ली शालिमार बाग स्थित Fortis Hospital सँग आवद्ध देहाय वमोजिमका विशेषज्ञ डाक्टरहरुद्वारा स्वास्थ्य परीक्षण गर्ने गराउने गरी निशुल्क स्वास्थय शिविर सञ्चालनको लागि माग भई आएअनुसार उल्लेखित अस्पताल र दुम्सी आधारभूत स्वास्थय केन्द्रको संयुक्त आयोजनामा सञ्चालन हुने स्वास्थ्य शिविर सञ्चालनको लागि यस नगरपालिकाबाट अनुमति प्रदान गर्ने र सोको लागि सम्बन्धित निकायमा सिफरिस गरी पठाउने निर्णय गरियो ।

| क.सं. | चिकित्सकको नाम | पद | विषय |
|---|---|---|---|
| 1 | Dr. Sonal Gupta | Director | Dept of Neurosurgery |
| 2 | Dr. Kapil Kumar | Director | Dept. of Surgical Oncologh |
| 3 | Dr. Amite Pankaj | Director | Dept. of Orthopaedics |

**निर्णय नं.२८**: प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाका १४ वटै वडाका स्वास्थ्यकर्मीहरुबाट २०७६ बैशाख र जेठ महिनामा लिइएको खोप लगाउनुपर्ने १३१२ जना बालबालिकाहरु (१५ महिनासम्मका) रहेको र १६ देखि २३ महिनासम्मका बालबालिकाहरु ९४५ रहेको लगत र उक्त लगतलाई सम्बन्धित वडा कार्यालयबाट सिफारिस गरे अनुसार १५ महिनासम्मका १३१२ जना बालबालिकाहरुले नियमित लिनुपर्ने खोप नियमित रुपमा लिदै आएका र १६ देखि २३ महिनासम्मका ९४५ जना बालबालिकाहरुले हाल सञ्चालनमा रहेका सम्पूर्ण खोपहरु लिएको पाइएकोले यस नगरपालिकालाई पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.२९**: प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७ कलेस्ती स्थित क्यामिन मा.वि. का अंग्रेजी शिक्षक श्री कृष्णहरी गैह्रे हाल बालमन्दिर मा.वि.मा काज सरुवा गरिएको हुँदा व्यास १२ अमरज्योति मा.वि.मा कार्यरत मा.वि. तहको स्थायी अंग्रेजी शिक्षकलाई क्यामिन मा.वि.मा काज सरुवा गर्ने र व्यास ११ फराकचौर स्थित बाराही मा.वि.मा कार्यरत स्थायी अंग्रेजी शिक्षक श्री विष्णुप्रसाद श्रेष्ठलाई व्यास १२ छिर्कने स्थित अमरज्योति मा.वि.मा काज सरुवा गर्ने निर्णय गरियो ।

**निर्णय नं.३०**: प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका कार्यालयमा खपत हुने विद्युतको सहज आपूर्तिको लागि आवश्यक ट्रान्सफरमर जडानको लागि यस नगरपालिका कार्यालयबाट प्रकाशित दरभाउपत्र आव्हान सूचना अनुसार ठेक्का स्वीकृत भई ट्रान्सफरमर लगायतका सामग्रीहरु खरिद भइसकेकोमा ट्रान्सफरमर जडान गर्दा साविकमा प्यानल वोर्ड राख्ने भनी छनौट गरिएको साइटमा हाल विभिनन कारणले पूर्व प्रस्तावित स्थानमा प्यानल वोर्ड राख्न उपयुक्त नदेखिएको हुँदा प्यानल वोर्ड राख्ने साइट परिवर्तन हुन पुगेको साथै डिष्ट्रिव्युसनको लागि समेत थप तार आवश्यक पर्ने देखिएको हुँदा प्राविधिक प्रतिवेदन अनुसार आवश्यक पर्ने विभिन्न साइजका पावर केवल तथा अन्य सामग्रीहरु कार्यालयबाट नै खरिद गरी ट्रान्सफरमर जडान गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।